Palhi Peace and Enlightenment: Interdisciplinary Journal
Volume 1 Issue 1, 2026. pp. 69–76
Research Article

# समकालीन नेपाली कवितामा समावेशीकरण

**बिन्दु शर्मा**
उपप्राध्यापक, रत्नराज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा समकालीन नेपाली कवितामा समावेशीकरणको अवस्था र तिनलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने बिम्बात्मक युक्तिको उल्लेख गरी कविताका प्रतिनिधि स्वरूपहरूको गति र दिशा पहिल्याउने प्रयास भएको छ। पचासको दशकदेखि सुरु गरी मूल रूपमा साठीको दशकदेखि अहिलेसम्म प्रकाशित कविताहरूको सर्वेक्षणलाई यस अध्ययनले आधार बनाएको छ। समकालीन नेपाली कविताको समावेशीकरण मूल रूपमा वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय समानताका पक्षमा केन्द्रित छ। समकालीन नेपाली कवितामा पाठकलाई प्रभावित पार्ने तिनको विशेष युक्ति चाहीँ वक्ताको छनोट, स्थानीय बिम्बको प्रयोग र व्यङ्ग्यात्मक एवम् आक्रोशमय चिन्तन हुन्। ब्रहुल वर्ग, जाति, लिङ्ग, क्षेत्र, धर्म, संस्कृति, भाषाआदिको समावेशीकरणलाई राज्यको रूपान्तरणका दिशामा लैजान समकालीन नेपाली कविताले बलशाली र अग्रगामी भूमिका खेलेको निष्कर्ष यसमा निकालिएको छ।

*मुख्य शब्दावली* : जातीयता, पहुँच, लैङ्गिकता, वर्गीयता, समावेशीकरण, सीमान्तीकरण।

**Article Info .**

**Article History**
Received: April 13, 2026
Accepted: July 10, 2026

**Email**
bindu2033@gmail.com

**Cite**
Sharma, B. (2026). समकालीन नेपाली कवितामा समावेशीकरण. *Palhi Peace and Enlightenment: Interdisciplinary Journal (PPE)*, *1*(1), 69–76.

## विषय परिचय

नेपाल आकारमा सानो भए पनि यसको भूगोल, इतिहास र संस्कृति बहुलताले भरिपूर्ण छ । त्यसैले नेपाललाई बहुजातीय, बहुसांस्कृतिक तथा बहुभाषिक देशका रूपमा परिभाषित गरिन्छ। इतिहासदेखि नै राजनीतिक, शैक्षिक, आर्थिक, धार्मिक एवम् भाषिक व्यवस्थाका कारण सत्ता तथा शक्तिमा खसआर्य जातिका पुरुषको पहुँच अधिक रहँदै आएको छ भने क्षेत्रीय रूपमा पनि मध्यपहाडको वर्चश्व देखिको छ। त्यसैले समाजमा पहिले नै पहुँच र शक्तिमा पुगेका व्यक्ति वा समुदायलाई भन्दा विभिन्न कारणले त्यस्ता अवसरबाट वञ्जित पारेर किनारामा फालिन बाध्य व्यक्ति वा समुदायलाई समानुपातिक रूपमा समावेश गरेर समानता र न्यायमा आधारित राज्यको सिर्जना हुन सक्छ भन्ने मान्यतामा आधारित भएर सन् १९७० पछि विश्वमा समावेशीकरणको सैद्धान्तिक अवधारणा विकसित भएको हो । राजनीतिकै समानान्तर रहेर कविता पनि वैचारिक चिन्तनको सांस्कृतिक अभिव्यञ्जना प्रतिबिम्बित हुने एउटा महत्त्वपूर्ण साहित्यिक स्वरूप भएको हुँदा यसमा समावेशीकरणका वैचारिक स्वरहरू प्रकट भई सामाजिक जीवनका समस्यालाई तिनले गहन रूपले सम्बोधन गर्ने सामर्थ्य राखेको पाइन्छ । त्यसैले समकालीन नेपाली कवितामा कुनकुन प्रकारका समावेशीकरणका स्वरहरू अभिव्यञ्जित छन् ? र, त्यस्ता कवितामास्वरका काव्यिक आधारहरू केकस्ता छन् भन्ने प्राज्ञिक जिज्ञासालाई यस अध्ययनमा समस्याकथनका


Copyright (©) 2026: Palhi Multiple Campus

रूपमा लिइएको थियो । यिनै समस्यामा आधारित रहेर समकालीन नेपाली कविताको समावेशीकरणको सूक्ष्म विमर्श गर्दै निष्कर्षसम्म पुग्ने प्रयास यस लेखमा गरिएको छ।

## अध्ययनको उद्देश्य

समकालीन नेपाली कवितामा समावेशीकरणको अवस्था अनुसन्धान गरिएको यस अध्ययनमा निम्नलिखित दुई उद्देश्यहरू रहेका छन् :

क) समकालीन नेपाल कवितामा समावेशीकरण अभिव्यञ्जिताका प्रकारहरूको पहिचान गर्नु,

ख) समकालीन नेपाली कवितामा समावेशीकरणको स्वरलाई सम्प्रेषणीय बनाउन प्रयोग गरिएको काव्यिक युक्तिहरू पत्ता लगाउनु ।

## अध्ययन विधि

उपर्युक्त उद्देश्यहरू पूरा गर्नका निम्ति समकालीन नेपाली कवितामा प्रयुक्त समावेशीकरणको चेतना प्रबल रहेका विभिन्न आयामहरू पहिचान हुने विषयवस्तु, विचारधारा, बिम्ब र स्वरयुक्त कविताहरूबाट यस अध्ययनका लागि प्राथमिक सामग्री सङ्कलन गरिएको छ। समकालीन चेतना र समावेशीकरणका मुद्दाहरु भएका कविताबाट सङ्कलित सामग्रीको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक एवम् प्रायोगिक ग्रन्थ, अनुसन्धानात्मक लेखबाट द्वितीयक सामग्रीहरू सङ्कलन गर्ने काम भएको छ । यी दुबै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी समकालीन नेपाली कवितामा अन्तर्निहित समावेशीकरणको चिन्तन अन्वेषणका लागि एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र निगमन विधिबाट विश्लेषण गर्दै त्यसलाई अर्थापन गरिएको छ। यसका निम्ति कप्लान र मासोन (सन् २०१३) तथा मायस (सन् २००१) लाई मूल आधार बनाइएको छ।

## समावेशीकरणको परिचय र सैद्धान्तिक ढाँचा

समाजमा दबिएका, पडाडि पारिएका, उपेक्षित, सुविधा र अवसरबाट इतिहासदेखि नै वञ्चित तथा सीमन्तीकृत वर्ग, जाति,वर्ण, लिङग, समुदायलाई मुलुकको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि समग्र विकास प्रक्रियामा सहभागी संलग्न गराई राष्ट्रिय मूल धारमा ल्याउने प्रक्रियालाई समावेशीकरण भनिन्छ । यो समाजका सबै तहका समूह र व्यक्तिलाई हरेक क्रियाकलापमा समान एवम् स्वतन्त्र रूपले सहभागी हुने आधारभूत अधिकार हुन्छ भन्ने मान्यताप्रति विश्वास गर्ने विचारधारा हो । यसले सहकार्य र सामूहिक भाव, लचकता र चुनौती लिने चाहना राख्नुका साथै सफल कार्यान्वयनका निम्ति सबैबाट सहयोगको आकांक्षा पनि राख्छ (कप्लान र डेनोभान, सन् २०१३, पृ.१४) । आफ्नो समुदायका हरेक सदस्यले सम्मानपूर्ण, सहकार्यमूलक र सिर्जनात्मक योगदान दिन पाऊन् भन्ने चिन्तनलाई समावेशीकरणले आत्मसात् गरेको हुन्छ । समावेशी समाज स्थापना हुनका निम्ति निम्नलिखित तीन प्रक्रिया आवश्यक हुन्छन् : (१) पहिचानका सबै व्यक्तित्वलाई मूल्य प्रदान, (२) सबै समूदायको समान पहुँच र अवसरको प्राप्ति, र (३) सहभागितामा रहने भेदभाव र अवरोधको निराकरणमा क्रियाशीलता। यसैबाट भिन्न तह र तप्काले आफ्नो पहिचानप्रति गौरव गर्दै आफूलाई मूल धारमा स्थापित गर्न सक्छन् अनि आआफ्ना सीपको दक्षता र क्षमताले योगदान गर्न समर्थ हुन्छन्।

कविताको समावेशीकरण निक्यौंल गर्दा विशिष्ट अभिव्यञ्जनाका निम्ति कवितामा प्रयुक्त शब्द, बिम्ब, लय र विचारधाराकोजीवन्त एवम् शक्तिशाली संयोजन तथा त्यसलेपाठकको चेतनामा प्रहार गर्ने एक प्रकारको पद्धति आविष्कार भएको हुन्छ। मायस (सन् २००१, पृ.५७) का अनुसार कवितामा निक्यौंल गर्नका निम्ति चार युक्तिलाई विश्लेषण गर्नुपर्छ : (१) गृहीत विषयप्रति कविले राख्ने आशय, (२) शब्द, बिम्ब, अर्थ आदिको विशिष्ट छनोट, (३) अभिव्यक्तिको संरचना एवम् व्यवस्थापन, र (४) अपेक्षित पाठकको सामाजिक, राजनीतिक, सांस्कृतिक चिन्तनको सन्दर्भ । यसरी विश्लेषण गर्दा समकालीन नेपाली कवितामा अभिव्यञ्जित समावेशीकरण भनेको वर्ग, जति, क्षेत्र, लिङ्ग, भाषा, धर्म, वर्ण, शारीरिक क्षमता आदि कुनै पनि पहिचानका आधारमा मूल धारमा आउनबाट बहिष्करणमा परेका व्यक्ति वा समुदायलाई समान पहुँच, अधिकार, अवसरबाट सम्मानित गर्ने प्रक्रिया

र नीति आवश्यक छ भन्ने प्रखर आवाज हो । तिनमा पनि मूलतः वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय र भाषिक समावेशिताका स्वरहरू प्रखर रूपमा अभिव्यञ्जित भएको हुँदा यस लेखमा यिनै पाँच आधारलाई समावेशीकरण विश्लेषणको ढाँचाका रूपमा अवलम्बन गरिएको छ।

**समकालीन नेपाली कवितामा अभिव्यञ्जित समावेशी स्वरहरूको निक्र्यौल**

समकालीन नेपाली कविताले प्रस्तुत गर्ने मुद्दा, सङ्केत गर्ने अर्थ, सिर्जना गर्ने ब्रह्स र स्थापना गर्ने सत्ताको आयामसमेत व्यापक छ। यस अध्ययनमा विमर्शका निम्ति चयन गरिएका कवितामा पनि यस्तो मिश्रित प्रवृत्ति रहेको छ तर सहजताका लागि तिनलाई छुट्टाछुट्टै बुँदाअन्तर्गत समावेश गरिएको छ। प्रस्तुत लेखमा समकालीन नेपाली कवितामा अभिव्यञ्जित समावेशीकरणलाई वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय, भाषिक गरी बुँदागत रूपमा विमर्श गरिएको छ।

**वर्गीय समावेशीकरण**

विभिन्न कारणले आर्थिक दृष्टिकोणले पछि परेका, आयमूलक क्रियाकलापमा संलग्न हुन नसकेका वा नपाएका वर्गलाई राज्यको मूल धारमा ल्याउनुपर्ने आवश्यकता बोध गरी सिर्जित कवितामा वर्गीय समावेशी स्वरको सघनता रहेको छ। पुँजिवादीर श्रमजीवी वर्गका बिचको विभेद, उत्पादनको असमान वितरणले उब्जाएको विषम परिस्थिति, शोषणका विभिन्न प्रकृतिको कारण उत्पीडनमा परेका वर्गप्रति राज्यको दायित्वविहीनता आदिको आलोचना र त्यसबाट मुक्तिको उद्घोष तथा देशको साधनस्रोतमाथि सबैको समान अधिकारका पक्षमा यस्ता कविताले विद्रोही आवाज दिएका छन्। आर्थिक–सामाजिक रूपले पछि पारिएको वर्गलाई चिन्तनका साथ मूल धारमा ल्याउनुपर्ने आशय अभिव्यञ्जित गर्नका निम्ति सोही वर्गकी प्रतिनिधि पात्रलाई सम्बोधन गरेर रचिएको निभा शाहको 'मनसरा' कविताको आवाज यसरी मुखरित भएको छ :

आफूले चिरेका दाउरा/अरुले नै बालेपछि
आगो आफ्नो हुँदैन मनसरा
आगो आफ्नो नहुनेको
उज्यालो आफ्नो हुँदैन मनसरा
उज्यालो आफ्नो नहुनेको
दुनियाँ आफ्नो हुँदैन मनसरा
आगो भर्भराएको सुन्यौ मनसरा ?
आगो बोलिरहेछ मनसरा !
(शाह, २०७२, पृ.१०)

आफ्नो श्रमको प्रतिफल आफूले प्राप्त गर्नका नपाएको श्रमिक वर्गलाई सामाजिक नियमको बोध गराउन र पाठकलाई त्यसप्रति तार्किक रूपले सहमत गराउन यसमा दाउरा, आगो, उज्यलो, दुनियाँलाई बिम्ब बनाएर आगोको सुन्दर लय सिर्जना गरिएको छ। आफ्नै पसिनाले रचेको मुलुकमा आफूँचाहिँ वञ्चितीकरणको पीडा भोग्नपर्ने, त्यसको हालिमुहालीचाहिँ अरुले गर्ने अर्थ दिन यसमा 'आफूले चिरेको दाउरा अरुले बालेको' तथा 'आगो बोलिरहेको' सन्दर्भलाई प्रभावकारी सम्प्रेषण गरेर समावेशी स्वर स्थापना गरिएको छ। तहगत संरचनामा आधारित र सामन्ती परम्पराबाट स्थापित सत्ताको प्रतिरोधमा क्रियाशील रहने यस्तो स्वरले विपरीत र वैकल्पिक चिन्तनको खोज गरेको हुन्छ । दबाइएको, सताइएको र स्वतन्त्र चिन्तनबाट विमुख पारिएको वर्गको आक्रोश, आलाप र आकांक्षाको समावेशी स्वरलाई निम्नवर्गीय वक्ता चरा पात्रले असमावेशी सत्तालाई शासनमा आफ्नो पनि अधिकार भएको र त्यसको प्राप्तिका निम्ति जस्तोसुकै बलिदान पनि गर्न सक्ने अवस्थातर्फ केवश सिलवालको 'चिबे चरा' कविताले सङ्केत गरेको छ :

म पनि हुँ यो देशको राष्ट्रिय चरा
यही देशको एउटा रुखमा/बनाएको छु मैले पनि गुँड
म उड्छु यहींको खुलाा आकाशमा
म यही काढ्छु आफ्ना बचेरा र हुर्काउँछु
तर, किन भइनँ म/यो देशको राष्ट्रिय चरा ?
के राष्ट्रिय चरा हुन/डाँफेको जस्तै रङ्गीन प्वाँख नै हुनुपर्छ ?
के मयूरले भैँ/रङ्गीन प्वाँखहरू फिँजारेर
दर्शकका लागि नाच्नैपर्छ ?
के कोइलीको भैँ/मधुर आवाजमा गाउनैपर्छ ?

यस कवितामा चिबे चराको रङ, क्रियाकलाप र चिन्तनका माध्यमबाट तुलनात्मक बिम्ब र विचारधारालाई एकापसमा जोड्दै वर्गीय समावेशीकरणको विद्रोही स्वर प्रभावकारी तरिकाले सम्प्रेषण भएको छ। यसमा भएको आक्रामक शब्दयोजना, प्रश्नको शृङ्खला र दृढ निर्णयले इमानदार नेपाली सिपाहीको सहनशीलताले सीमा नाघेको र न्याय तथा समानताको पक्षमा आवाज उठाएको हुनाले वर्गीय समावेशीतालाई सबल बनाइएको छ।

**जातीय समावेशीकरण**

समाजका सामाजिक–सांस्कृतिक दृष्टिले इतिहासदेखि नै किनारीकृत जातजातिहरूको पृथक् पहिचानलाई संरक्षण गर्दै राज्यको मूल धारमा ल्याउन समान पहुँच, अवसर र सम्बलन दिनुपर्ने आशयका समकालीन नेपाली कवितामा जातीय समावेशी स्वरको सशक्तता पाइन्छ। आफ्नै देशमा आदिवासी जनजातिले भूमिहीन भएर, सांस्कृतिक पहिचान गुमाएर बस्नुको पछाडि खस जातिको बाहुल्य भएको सत्ता जिम्मेवार भएको काव्यिक आक्रोशको बिम्ब यसले प्रस्तुत गर्छ र इतिहासमा गुमेको अधिकारको पुनर्स्थापनातर्फ अभिमुख गराउँछ। पश्चिमी पहाडका मगरलगायत जनजातिहरूलाई राज्यको नेतृत्वमा बस्नेहरूले केवल सत्तामा उक्लने भऱ्याङ मात्र बनाएको र बहुसङ्ख्यक जातजाति शासकको शोषणमा परेको तथ्यलाई जयन्ती सरगमले ‘तिम्रो अगाडि जीवन्त प्रश्न !’ शीर्षकको कवितामा समावेशी स्वर बनाएर यसरी प्रस्तुत गरेकी छन् :

कसले झन्डा गाड्यो/र अपहरण गऱ्यो
तिमीले पुज्ने भूमि ?/र त्योसँगै कता हरायो तिमीले ओतिने स्याखु ?
भन लाफा !
तिम्रो पहिरन यो मोटोसँगै हुर्किएको/तिम्रो शरीरबाट कसरी हरायो ?
तिम्रो लवज तिम्रै जिब्रोबाट कहाँ बेपत्ता भयो...
ओ लाफा ! ओ लाफा !!
अब त्यो मौनताको बर्को फालिहाल/भत्काऊ त्यो मौनताको पहाड पनि
उखेलिदेऊ जरा अत्याचारको र जुरुक्क उठ प्रश्न बनेर
यो व्यवस्थाको अघिल्तिर।
(प्यासी,२०७५, पृ.१२२–१२४)

आफ्नै मौलिक भाषा, भेषभूषा र भूमि भएका आदिवासीहरूको पहिचान अपहरण भएको ऐतिहासिक परिघटनालाई मौन भएर सहन नहुने त्यस्तो चिन्तनका विरुद्ध उठ्नुपर्ने स्वर यसमा लाफालाई सम्बोधन गरेर अभिव्यञ्जित भएको छ । जातीयविभेदका कारण राज्यभित्रका किनारीकृतसबै जातजातिको आफ्नो पृथक् र मौलिक पहिचानलाई स्विकारिनुपर्ने र राज्य पूर्ण समावेशी चरित्रको हुनपर्ने स्वर

समकालीन नेपाली कवितामा दलित समावशिताको औचित्य निकै बलशाली स्वरका रूपमा अभिव्यक्त भएको छ। यसले प्रचलित हिन्दू वर्णव्यवस्थाबाट सिर्जित छुवाछुतको अमानवीय त्रासदीबाट दलितको मुक्तिलाई जागृत गर्नुका साथै इतिहासदेखि आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक थिचोमिचोको क्षतिपूर्तिका निम्ति वर्तमान राज्य, कथित उच्च जाति र समाजले गर्नुपर्ने लगानी र फेर्नुपर्ने चिन्तनको हिसबाकिताब मागेको देखिन्छ। हरिशरण परियारको ‘पसिनाको हिसाब’ कविताले दलित समावेशी स्वरलाई सबल रूपले यसरी अभिव्यञ्जित गरेको छ :

बा ! अब उठ्नुस्
आर्यघाटको चारपाटे चिताबाट/र दिनुस् मलाई
बर्सौं पसिनाले सिञ्जित/तपाईंको अस्थिपञ्जर गालेर
नवयुगकको आरमा/बनाउनु छ नवीन हतियार
उभ्याउनु छ विष्टहरूलाई कठघरामा/र माग्नु छ एक माना बालीले
तिर्न नसकेको/हाम्रा पुर्खाहरूको पसिनाको हिसाब।
(बिनाबी, केवल, गुरागाईं, प्रकाश र घिमिरे ‘अटल’, माधव, २०७३,पृ.८८)

दलितहरूको श्रमको विशिष्टता स्थापित गर्दै श्रमिक जीवनका तिनै बिम्बहरूलाई विभेदका विरुद्ध धारिलो

बनाएर प्रस्तुत कवितामा एकातिर दलित र उत्पीडित समुदायको श्रमशील जीवनपद्धतिप्रति गहिरो आस्था प्रकट गरिएको छ भने अर्कातिर उनीहरू आफ्ना अधिकार र पहिचानका यात्रामा सत्ताधारी र उत्पीडक समुदायले सहकार्य गर्नुपर्नेमा आफ्ना विरुद्धमा उभिएको ठान्ने गरेको नेपाली समाजको यथार्थ उद्घाटन भएको छ। हिन्दु धर्मको रुढि र गलत परम्परालाई चुनौती दिएर यस कविताको दलित वक्ताले गरेको उद्घोष जातीय समावेशी स्वरको जीवन्त प्रस्तुति हो।

**लैङ्गिक समावेशीकरण**

समकालीन नेपाली कवितामा लैङ्गिक/यौनिक र अल्पसङ्ख्यकसम्बन्धी स्वरमा निकै सक्रियता देखिएको छ।नेपाली समाज परम्परागत पितृसत्तात्मक संस्कृतिको बोलवाला भएको र यस्तो संरचनामा राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिले हेपिएका र किनारीकृत महिलाका विविध क्षेत्रहरूको पहिचान गरेर रचिएका समकालीन नेपाली कवितामा समावेशी स्वर प्रबल छ। यस्ता कवितामा लैङ्गिक अधिकारलाई शारीरिक, आर्थिक र मनोसामाजिक सन्दर्भका हेर्ने, लैङ्गिकताप्रतिका सङ्कीर्ण दृष्टिकोणलाई चुनौती दिनेजस्ता प्रवृत्ति आत्मसात् गरेका छन्।

मानवीय सभ्यताको आदिकालदेखि निरन्तर सङ्घर्ष गर्दै आएका महिलाहरूलाई आफूले निर्माण गरेको वस्तुसरह ठान्ने पितृसत्तात्मक सोचका विरुद्ध आक्रामक अभिव्यक्ति दिइएको सरिता तिवारीको ‘के तिमीले मलाई आविष्कार गऱ्यौ ?’ कविताको एउटा अंश यस्तो छ :

> निस्केर कुनै आदिम ओढारबाट/ढुङ्गाहरू रगडेर बालेँ आगो
> फाँडेर जङ्गल उभ्याएँ घर/सम्याएर चरण बनाएँ खेत
> पसिना र रगतको बिउ रोपेर फुलाएँ सभ्यता
> हिँडेँ कहिल्यै नसिद्धिने प्रेमको अनादि गोरेटो
> छिचोलेँ घाँटीसम्म डुब्दै पृथ्वीका सबै सिमसार
> र दगुरिरहेँ बाटो भेट्टाउन घना वर्षावनमा एक्लै
> महोदय,/के तिमीले मलाई आविष्कार गरेका हौ ? (तिवारी, २०७२, पृ.२९)

यसमा एकातिर सभ्यताको प्रारम्भिक कालमा ओढारमा बस्दा पनि ढुङ्गा रगडेर आगो बाल्ने, जङ्गल फाँडेर घरखेत बनाउनेजस्ता श्रममा आधारित सभ्यताका निर्माणका क्रममा इतिहासदेखि नै जीवन निर्वाहका नवीन पद्धतिहरू पहिचान गरेर आएका महिलाहरूलाई पुरुषले आफ्नो अधीनमा राखेको वास्तविकताप्रतिको असन्तुष्टि अभिव्यक्त भएको छ भने अर्कातिर महिलाका स्थानमा पुरुषलाई सृष्टिकर्ता (ब्रह्मा)का रूपमा स्थापित गरिएको पौराणिक मान्यताप्रति कडा विमति सङ्केतित भएको छ। पितृसत्ताका सङ्कीर्ण दृष्टिकोणप्रतिका चुनौतीसहितको पुरुषको अधीनबाट उन्मुक्तिको आशय अन्तर्निहित उपर्युक्त कविताको समावेशी स्वर प्रबोधात्मक अभिव्यक्ति संरचना र विचारको क्रमिक व्यवस्थापनबाट बनेको छ।

**क्षेत्रीय समावेशीकरण**

नेपालको भौगौलिक विभाजनअनुसारका हिमाल, पहाड वा तराई तथा जातीय सांस्कृतिक भूमिका रूपमा रहेर सत्ताको समुचित योजनाअवाभका कारण पछि परेका विभिन्न क्षेत्रहरूको राज्यको मूल धारमा समान सहभागिता र अवसर हुनुपर्ने आवाज उठाइएका समकालीन नेपाली कवितामा क्षेत्रीय समावेशी स्वर प्रबल छ। यस्ता कविताले केन्द्रीय सत्ता (राजधानी र आर्थिक, सांस्कृतिक दृष्टिले अधिक क्रियाशील हुने स्थान) बाट स्थानीय विशिष्ट सम्पदा भएका क्षेत्रहरूले भोग्नुपरेको विभेद र वञ्चितीकरणका पीडा, भौगोलिक कठिनताले सिर्जना गरेका सङ्कट र शासकीय दूरदर्शिताका अभावमा सहनुपरेको उपेक्षाप्रति चिन्ता, आलोचना र विद्रोह अभिव्यक्त गरेका छन्। काठमाडौँका गल्लीहरूमा तरकारी डुलाउँदै बेच्ने तराईको पात्रले भोगेका व्यथाहरू समेटिएको प्रदीप ज्ञवालीको ‘काठमान्डुमा तपसेर कोइरी’ शीर्षकको कवितामा क्षेत्रीय समावशी स्वर यसरी अभिव्यञ्जित भएको छ :

> म तपसेर कोइरी/सर्लाही हथियोलकी
> बाग्मतीमा बाढीले ल्याउन बालुवाले/परिरहन्छ बर्सेनि मेरो आँगन
> रातिराति पारिबाट आउने सलहले/सखाप पारिरहन्छ खेतको बाली....

तर काठमान्डुले चिन्दैन/काठमाडौँ भाइ मलङ्गवाले पनि चिन्दैन

आफ्नै काँधमा बोकेको नेताले चिन्दैन !

कालो चस्मामाथिबाट हेर्दै/भन्छन् सबै तपेसर कोइरीसँग

राष्ट्रियताको इमान र नागरिकताको पर्‌मान !...

टाउकोमा टोपी होइन टोकरी देखेर/कम्मरमा धोती र काँधमा अँगोछा देखेर

हजुरको ओठ किन शङ्का गर्छ हामीलाई

तर अझै सुल्झिन सकेको छैन/मेरो एउटै सवाल काठमाडौँमा (ज्ञवाली, २०७३, पृ.३०)

सीमानापारिको भूमिबाट आउने डाँका र जङ्गली जनावरको हिंसासँग निरन्तर सङ्घर्ष गर्दागर्दै हैरान भएका र जीविकोपार्जनका निम्ति राजधानीमा आएर श्रमरत तराईवासीलाई काठमाडौँले नचिनेको सन्दर्भ चित्रित उपर्युक्त कवितामा पहिरन र कार्यका आधारमा नागरिकको राष्टियतामाथि समेत प्रश्न उठाउने पहाडिया समान्ती चिन्तनले सिर्जना गर्ने विभेदप्रति आलोचना गरिएको छ । यसबाट प्रस्तुत कवितामा सबै क्षेत्रको समान सहभागितामा देखिने भेदभावको निराकरणका निम्ति क्षेत्रीय समावेशी स्वरलाई विशिष्ट पात्र, परिवेश र बिम्ब्रहरूको छनोटबाट प्रभावकारी बनाइएको छ।

सुदुरपश्चिम राज्यको वञ्चितीकरणमा परेको एउटा अलग चिन्तनको क्षेत्र हो र यसलाई समावेशी चेतनाको अभिव्यक्तिसँग क्षेत्रीय पहिचानलाई जोडेर खेम बतासले 'कोदो' कवितामा यसरी राखेका छन् :

गरिब बैकनीको कुर्कुच्चाजस्तो/उज्यालोमा बस्दै आएको

म कोदो हुँ गोसाँई कोदो/मेरो धरामा अपी र सैपालै

राखिदिए पनि कहिल्यै चिस्यान आउँदैन

मेरो वस्तीमा कर्नाली नै फर्किए पनि कहिल्यै तिर्खा मर्दैन

म त तमरा पानी नचल्ने हातले

टिला फालेझैँ फालिएको कोदो हुँ/गोराँई कोदो

जहिल्यै खेतका फाँटमा तोरी फुलेको देख्छु

जहिल्यै खेतको आलीमा भटमास नुहेको देख्छु...

मेरो माटोमा कहिल्यै कम्पोस्ट नफाले पनि

म पनि कुनै दलहन र तेलहनभन्दा कम तागतिलो छैन

गोसाँई.... कोदोको रङ कालो हुन्छ, कालो विरोधको प्रतीक हो (बतास, सन् २०१७, प्रशासन डट कम)

सत्ताको प्राथमिकतामा परेको सुदूरपश्चिम र कर्नाली क्षेत्रलाई अन्नहरूमा अनुबद्ध पाखे र उपेक्षित कोदोको बिम्बद्वारा चिनाइएको यस कवितामा केन्द्रीय सत्ताबाट किनारीकृत क्षेत्रको विकासका निम्ति समावेशीकरणको स्वर प्रबल बनेको छ। यसमा गोसाइँ, उज्यालोमा बस्दै आएको चिस्यान नआउने र तिर्खा नमेटिने, खेतका फाँटहरूमा उम्रिएका रुखा बोट, मल नफालिएको माटो आदिले उक्त क्षेत्रको भौगोलिक विकटता, भीरपाखाको अनुर्वरता, बजेटको अभाव र रेखदेख नपुगेको अवस्थालाई चित्रात्मक स्वरूप दिइएको छ । कोदोलाई हेपिएको, उपेक्षामा परेको क्षेत्र र यसको कालो रङलाई विरोधको सशक्त सङ्केतबनाएर कविताको वक्ताले सत्ताबाट निरन्तर किनारामा पार्ने काम भइरहे विद्रोह हुन सक्ने आवाज प्रकट गरेको छ। यसका निम्ति प्रयुक्त स्थानीय हिमाल र डोटेली भाषाले गर्दा यस कवितामा आञ्चलिक मिठासको सिर्जनासमेत भएको छ।

### भाषिक समावेशीकरण

समकालीन नेपाली कवितामा आफ्नो मातृभाषाको संरक्षण र संबर्द्धन गर्दै विभिन्न राष्ट्रिय भाषाहरूको अपनत्व हुने नेपाली भाषाको जीवन्त स्वरूप सिर्जना गर्न भाषिक सम्मिश्रणयुक्त अभिव्यक्तिको भूमिका महत्त्वपूर्ण हुन सक्छ। यसले विविध भाषाका बिचमा अन्तर्घुलनको कार्य गरी एकापसमा सम्मान र अभिव्यक्तिका नवीन पक्षहरूको अन्वेषण गर्न र काव्यिक चिन्तनको क्षेत्रलाई विस्तार गर्न सक्छ, जुन समावेशी प्रक्रियाको सहचालक बन्न सक्छ । राष्ट्रिय भाषालाई सत्ताले किनारीकृत गर्दै गएकोलाई समुचित समावेशीकरणका निम्ति दबाब दिने र राष्ट्रिय भाषाका विविध बान्कीहरूलाई समावेश गरेर अन्तर्पाठायुक्त अभिव्यक्तिको विकास गर्ने दुई प्रक्रियाबाट

यसको प्रयोग भइरहेको छ। पहिलो प्रक्रियालाई स्वप्निल स्मृतिले 'तर, म बोल्न सक्छु' कवितामा यसरी प्रस्तुत गरेका छन् :

तर म बोल्न सक्छु
जब जङ्गलमा आगो लाउँछ सरकार/र सहरमा ढाड सेकाउँछ
जब सरकार तिर्खाउँछ र खोला सहरतिर फर्काउँछ
म बोल्छु/कराउँछु/गाली गर्छु/उफ्रिन्छु
सरकार पनि नसुनेझैँ गर्छ/तेरो भाषा बुझ्दै बुझ्दिनँ भन्छ
तब म के गरुँ ?
सायद सरकार बन्दुकको भाषा मात्र बुझ्छ
तब मैले पनि बन्दुकको भाषा सिक्नुपर्ने हुन्छ ! (स्मृति, २०७३, फेसबुक)

मौन रूपले आफ्नो पहिचानको अभ्यास गरिरहेको आदिवासी समुदाय सत्ताको स्वेच्छाचारी व्यवहारबाट आफ्नो स्वत्व गुम्ने खतरा देखेपछि मौलिक बोलीले त्यसको प्रतिकार गर्छ तर जब त्यो उपाय पनि काम लाग्दैन, तब उसले अस्त्रसहित सङ्घर्ष गर्नुपर्ने अवस्था सिर्जना हुन्छ भन्ने समावेशी स्वरलाई अत्यन्त कलात्मक बिम्बहरूमार्फत अभिव्यञ्जित गरिएको छ।

## निष्कर्ष

राज्य भनेको सिङ्गो भूगोल, जातीय विविधता, सांस्कृतिक अन्तर्मिश्रण, भिन्नभिन्न भाषा भए पनि एउटै सार्वभौमसत्ता र सामूहिक आकांक्षाको समष्टि हो। यसलाई जीवन्त र दीर्घकालीन अस्तित्व दिनका निम्ति राज्यका सबै व्यक्ति र समुदायमा सत्तासम्म पहुँचको अवसर हुनुपर्छ र राज्य एवम् समाजले सबैको सम्मान, विश्वास तथा न्यायको प्रत्याभूति दिन सक्नुपर्छ। यसो गर्न सक्दा मात्र नेपाल एउटा सहअस्तित्वयुक्त समावेशी राज्यका रूपमा रचना हुनु सम्भव छ र यस अग्रगामी प्रक्रियाले मात्र देश लोकतन्त्रबाट समाजवादतिर उन्मुख हुन सक्छ। समकालीन नेपाली कवितामा अभिव्यञ्जित समावेशी स्वरको प्रस्तुत विमर्शबाट के निष्कर्ष निस्कन्छ भने काव्यिक समावेशीकरणले पहुँच, समान सहभागिता र समुदायका अधिकारलाई विशेष निरीक्षण गर्दै किनारीकृत वर्ग, जाति, लिङ्ग, क्षेत्र र तिनका भाषालाई मूल विषय बनाएर विविधतापूर्ण सांस्कृतिक, आर्थिक, सामाजिक जीवनपद्धतिलाई सत्ताबाट मूल धारमा पुग्नबाट भएको वञ्चितीकरणको अवस्थाप्रति असहमति, आलोचना र विद्रोहलाई प्राथमिक स्वर बनाएको छ। राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक आदि मुद्दालाई स्थानीय रङका बिम्बहरूको मौलिक संरचना र विन्यासद्वारा सम्प्रेषणशील बनाई यसले समकालीन नेपाली कवितालाई क्रियाशील, समृद्ध र अग्रगामीबनाउन महत्त्पूर्ण भूमिका खेलेको छ। यसबाट समकालीन कविहरू आफ्नो समय, समाज र यथार्थप्रति संवेदनशील छन् भन्ने तथ्यलाई पुष्टि गरेको छ।

## सन्दर्भ सूची


उदासी, टीकाराम. (२०६९). समकालीन नेपाली कवितामा जनजातीय चेतना. *भृकुटी, १७*, ४०–५०।

एटम, नेत्र (सम्पा.) (२०७४). *समकालीन प्रतिनिधि नेपाली नारी कविता*. नेपाल प्रज्ञाप्रतिष्ठान।

कप्लान, मार्क र डेनोभान, मासोन. (सन् २०१३). *द इन्क्लुजन डिभाइडेन्ड: ह्वाई इन्भेस्टिङ इन डाइभर्सिटी यान्ड इन्क्लुजन पेइज अफ*. बिब्लियोमोसन।

किराँती, जसराज. (२०६५). *जसराज किराँतीका प्रतिनिधि कविताहरू*. प्रवासी नेपाली साहित्य समाज (प्रभात) ।

केसी, विनोदविक्रम. (२०६९). *भोकको क्षेत्रफल*. साङ्ग्रिला बुक्स।

गिरी, अमर, पौडेल हेमनाथ र गौतम, लक्ष्मणप्रसाद (सम्पा.) (२०७२). *प्रज्ञा समकालीन नेपाली कविता विमर्श*. नेपाल प्रज्ञाप्रतिष्ठान।

गौतम, लक्ष्मणप्रसाद. (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति*. पैरवी प्रकाशन।

गौतम, लक्ष्मणप्रसाद र एटम, नेत्र. (सम्पा.) (२०७४). *प्रज्ञा आधुनिक नेपाली कविता*. नेपाल प्रज्ञाप्रतिष्ठान ।

ज्ञवाँली, प्रदीप. (२०७३). *बिनासालिकका नायक.* बुक पब्लिकेसन।

तिवारी, सरिता. (२०७२). *प्रश्नहरूको कारखाना.* साङ्ग्रिला बुक्स प्रा.लि.।

प्यासी, नवीन (सम्पा.) २०७५. *अनुहारको भीड.* इन्डिगो इन्क प्रा. लि.।

मायस, फ्रान्सिस. (सन् २००१). द *डिस्कभरी अफ पोइट्री.* हारकोर्ट।

बिनाबी, केवल, गुरागाईं, प्रकाश र घिमिरे 'अटल', माधव (सम्पा.) (२०७३). *आफर.* समता फाउन्डेसन।

शाह, निभा. (२०७२). *मनसरा.* सुशीला शाह।

सुवेदी, पुरुषोत्तम, लक्ष्मणप्रसाद गौतम र विष्णुविभु घिमिरे (सम्पा.). (२०७१). *प्रज्ञा समकालीन प्रतिनिधि नेपाली कविता (भाग एक र दुई).* नेपाल प्रज्ञा–प्रतिष्ठान।